**गैरआवासीय नेपाली संघ**

**निर्वाचन अधिकृतको कार्यालय**

**बालुवाटार, काठमाडौं**

**विषयः उम्मेदवारी मनोनयन दर्ता सम्बन्धी सूचना ।**

यस **गैरआवासीय नेपाली संघ (एनआरएनए)** अन्तर्राष्ट्रिय समन्वय परिषद्को मिति २०७८।१२।०७ र ०८ गते (२१ र २२ मार्च, २०२२) मा हुने निर्वाचनका लागि मिति २०७८।११।२३ (मार्च ७, २०२२), ११:०० बजे देखि २०७८।११।२४ (मार्च ८, २०२२), १७:०० बजे सम्म हुने उम्मेदवारको मनोनयन पत्र दर्ताको सूचना जारी भएकोमा गैरआवासीय नेपाली संघको विधान २००३ (संसोधन २०२१ सहित) तथा गैरआवासीय नेपाली संघ, निर्वाचन सम्बन्धी नियमावली, २०२१ बमोजिम सम्बन्धित उम्मेदवारहरुको लागि निम्न व्यहोराको सूचना प्रकाशन गरिएको छ ।

१. उम्मेदवारले आफ्नो उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न आउँदा वा उम्मेदवारी मनोनयन पत्र इमेल मार्फत पठाउँदा गैरआवासीय नेपाली संघको विधान बमोजिमको योग्यता पुगेको विवरण खुलाउनु पर्नेछ ।

३. उम्मेदवारी दर्ता गर्न चाहने उम्मेदवारहरुले निर्वाचन समितिद्वारा तोकिएको दस्तुर सहित मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । यस्ता व्यक्ति अन्तिम मतदाता नामावलीमा समावेश भएको हुनु पर्नेछ । निर्वाचित हुने पदको संख्या तथा उम्मेदवारी मनोनयन पत्र दर्ता दस्तुर देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | पद | पद संख्या | उम्मेदवारी मनोनयन दस्तुर (नेपाली रुपैयाँ) |
|---|---|---|---|
| १. | **अध्यक्ष** | १ | १०,००,०००/- |
| २. | **उपाध्यक्ष** | ६ (एक महिला र एक युवा अनिवार्य) | ७,००,०००/- |
| ३. | **महासचिव** | १ | ६,००,०००/- |
| ४. | **सचिव** | ४ (एक महिला अनिवार्य) | ५,००,०००/- |
| ५. | **कोषाध्यक्ष** | १ | ५,००,०००/- |
| ६. | **सहकोषाध्यक्ष** | २ (एक महिला अनिवार्य) | ४,००,०००/- |
| ७. | **महिला संयोजक** | १ | ३,५०,०००/- |
| ८. | **युवा संयोजक** | १ | ३,५०,०००/- |
| ९. | **क्षेत्रिय संयोजक** | ६ (प्रत्येक क्षेत्रमा १ जना) | ३,५०,०००/- |

Non-Resident Nepali Associa[tion]

| | | | |
|---|---|---|---|
| १०. | **क्षेत्रिय उपसंयोजक** | १३ (युरोप - ३, अमेरिका - २, ओसेनिया - २, एसिया - २, मध्य पूर्व - २, अफ्रिका - २) | २,५०,०००/- |
| ११. | **क्षेत्रिय महिला संयोजक** | ६ | २,५०,०००/- |
| १२. | **क्षेत्रिय युवा संयोजक** | ६ | २,५०,०००/- |
| १३. | **क्षेत्रिय महिला उपसंयोजक** | ६ | २,००,०००/- |
| १४. | **क्षेत्रिय युवा उपसंयोजक** | ६ | २,००,०००/- |
| १५. | **निर्वाचित आइसिसि सदस्य** | १,५०,००० /- (सपथ ग्रहण अगाडि बुझाउनु पर्ने) | |
| **जम्मा** | | ६० | |

४. उम्मेदवारले यस संघलाई कुनै दस्तुर, शुल्क, बक्यौता तिर्न बाँकी नरहेको हुनु पर्नेछ ।

६. उम्मेदवारले उम्मेदवारी मनोनयन पत्र दर्ता बापत निम्न बैंक खातामा बुँदा ३ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

**<u>एनआरएनएको बैङ्क खाता विवरण</u>**

Account No : 02401001000526
Beneficiary : NRNA
Bank : Sanima Bank Limited
Branch : Teku, Kathmandu
Swift : SNMANPKA

७. कुनै उम्मेदवारको नामावली उपर कोही कसैको दावी विरोध परेमा सो जानकारी सम्बन्धित उम्मेदवारलाई निजले उपलब्ध गराएको मोबाइल नं. वा इमेल मार्फत गराइने छ । उक्त सूचना सम्प्रेषण भएको ५ घण्टा भित्र निर्वाचन समिति समक्ष उपस्थित भई वा इमेल मार्फत आफ्नो ब्यहोरा लिखित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

८. निर्वाचन समितिद्वारा तोकिएको दस्तुर सहित मनोनयन पत्र दाखिला गरी दर्ता भएका उम्मेदवारहरुले उम्मेदवारी फिर्ता लिएमा निजले दाखिला गरेको मनोनयन दस्तुर फिर्ता हुने छैन ।

९. नाम फिर्ता लिन चाहने उम्मेदवारहरुले प्रमुख निर्वाचन अधिकृतद्वारा तोकिएको समय वा निजको सहमतिमा सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

१०. युवा उपाध्यक्ष, युवा संयोजक, क्षेत्रीय युवा संयोजक तथा क्षेत्रीय युवा उपसंयोजकको लागि मनोनयन दर्ता गर्ने उम्मेदवार ४० वर्ष ननाघेको हुन पर्नेछ ।

Non-Resident Nepali Association NRNA

११. उम्मेदवारी मनोनयन पत्र दर्ता सम्बन्धी थप जानकारीका लागि यस संघबाट प्रकाशित सूचना तथा निर्वाचन समितिले प्रकाशित गरेका सूचनाहरु हेर्नु हुन सुचित गरिन्छ ।

**नोटः सम्पर्क ठेगाना electioncommittee2021@nrna.org संघको सचिवालय स्थित निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहोला ।**

**भीमसेन बन्जारा**
**प्रमुख निर्वाचन अधिकृत**
**निर्वाचन समिति**
**मिति २०७८।११।२३**
**(०७ मार्च, २०२२)**
**समयः ११:३० बजे**